# 'रोहिणी म लेख्दै छु बुद्धको कथा' कथामा विनिर्माण

उपप्राध्यापक सीता अधिकारी थापा
महेन्द्र बहुमुखी क्याम्पस, धरान।
adhikari.sitath@gmail.com
https://doi.org/10.3126/gyandeep.v11i01.96623

**लेखसार**

प्रस्तुत लेख कथाकार शशी थापा पण्डितको 'रोहिणी म लेख्दै छु बुद्धको कथा' कथाको विनिर्माणात्मक अध्ययनमा केन्द्रित रहेको छ । गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत पाठविश्लेषण विधिमा आधारित यस अध्ययनका निम्ति विनिर्माण सिद्धान्तलाई सैद्धान्तिक आधार लिइएको छ। यस अध्ययनको मुख्य उद्देश्य नेपाली जनमानसमा स्थापित गौतम बुद्धसम्बन्धी परम्परित आख्यानलाई वैकल्पिक दृष्टिकोणबाट विश्लेषण गर्नु रहेको छ। विवेच्य कथामा परम्परित स्थापित बुद्धआख्यानको पुनर्पाठ गर्दै राजकुमार सिध्दार्थलाई गौतम बुद्ध बनाउने प्रक्रियामा रोहिणीको भूमिकालाई केन्द्रमा ल्याइएको छ। यस क्रममा सिध्दार्थ किन आफ्नो राज्य, राजदरबार, पत्नी र नवजात पुत्रलाई त्याग गरी परिवार छाडेर एक्लै गृहत्याग गर्नुको कारण सम्बन्धी स्थापित धारणा माथि प्रश्न उठाउँदै लुप्त रहेको तथ्यको भिन्न दृष्टिकोणबाट पुनर्व्याख्या गरिएको छ। कथामा सीमान्तीय पात्रलाई केन्द्रमा स्थापित गरेर यथार्थ र काल्पनिकताको संयोजन गरी आत्मकथात्मक शैलीको प्रयोग गरिएकाले अर्थनिर्माणको नवीन सम्भावनाहरु उद्घाटित भएको देखिन्छ। परम्परागत मिथकीय आख्यानलाई समकालीन दृष्टिकोणबाट पुनर्पाठ गर्दै रोहिणी नदीलाई कथावाचक पात्र बनाई केन्द्रमा राखिनुले बुद्धत्वप्राप्तिमा उसले खेलेको भूमिकालाई उजागर गरिएको छ। यसरी स्थापित आख्यानको पुनर्पठन वा पुनर्सिर्जनमार्फत कथाले परम्परित मान्यताको भञ्जनका साथै नयाँ अर्थ र चेतनाको निर्माण गर्दै विनिर्माणिक चेतनाको सशक्त अभिव्यक्ति प्रदान गरेको निष्कर्ष प्राप्त भएको छ। अतः यस अध्ययनबाट 'रोहिणी म लेख्दै छु बुद्धको कथा'मा अर्थसंरचनाको विखण्डन गरी नवीन अर्थ सम्भावनाको उद्घाटनले विनिर्माणिक चेतना प्रभावकारी रूपमा अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ।

*शब्दकुञ्जी* **:** अर्थगत अनिश्चितता, आत्मकथन, केन्द्रभञ्जन, द्विचरभञ्जन, पुनर्पठन ।

## विषयपरिचय

समकालीन नेपाली कथामा कथाकार शशी थापा पण्डितको 'रोहिणी म लेख्दै छु बुद्धको कथा' उत्तरआधुनिक प्रवृत्तिको कथा हो । उनको उठ *तिलोत्तमा* (२०७७) कथासङ्ग्रहमा सङ्कलित रहेको यो कथा सिद्धार्थ गौतमबाट बुद्ध बन्ने सन्दर्भ वा कारणमा केन्द्रित रहेको छ । बुद्धसम्बन्धी परम्परागत आख्यान एउटा मिथकीय कथाका रूपमा स्थापित छ। मानव जातिका सांसरिक दुःख–कष्टबाट मुक्तिको खोजी र कल्याणका लागि शाक्य राजकुमार सिद्धार्थ गौतमबाट कठोर तपस्या गरी बुद्ध बनेको प्रसङ्गलाई यस कथामा फरक कोणबाट पुनर्व्याख्या गरिएको छ। परम्परित आख्यानले गौतम बुद्धलाई सत्य, करुणा र विमुक्तिको प्रतीकका रूपमा केन्द्रमा स्थापित गरेको पाइन्छ तर यस कथामा सिद्धार्थ गौतमका बारेमा यहाँ रोहिणीको दृष्टिबाट प्रत्यक्ष द्रष्टा बनेर उनको कथा पुनर्लेखन गर्दा कथामा परम्परागत अर्थ र मूल्यको केन्द्रभञ्जन भएको छ। प्रस्तुत कथामा रोहिणी नदीलाई मानवीकरण गरी सिद्धार्थ÷गौतम बुद्धको कथावाचक पात्रका रूपमा प्रस्तुत गरिएको छ। यसले राजकुमार सिद्धार्थ गौतमको जन्मदेखि बुद्धत्व प्राप्तिसम्मका प्रत्यक्ष साक्षी रहेका घटनाहरू, उनको पारिवारिक तथा सामाजिक जीवन, मानसिक द्वन्द्व र सत्य–शान्तिको खोजीलाई आफ्नै अनुभवका आधारमा वर्णन गरेको छ। कथामा सिध्दार्थलाई बुद्ध बनाउनुमा रोहिणीले आफ्नो महत्त्वपूर्ण योगदान रहेको जिकिर गर्दै बुद्धप्रति उनका सहानुभूति, आकर्षण, एकतर्फी प्रेमका भावना र पश्चाताप आत्मलापका रूपमा प्रस्तुत छन्। कथामा प्रेम र घृणाका द्वन्द्वात्मकताका साथै सहानुभूति र पश्चातापका भावसँगै यशोधराको समर्पणका चर्चाबाट नारी यौनमनोविज्ञानको पनि सूक्ष्म चित्रण गरिएको पाइन्छ। यसका साथै शाक्य र कोलीय राज्यबिच पानीको विवादका कारण उत्पन्न भएको द्वन्द्व तथा यस विवादलाई साम्य

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

पार्न नसक्दा सिर्जना भएको युद्धको वातावरणलाई टार्न सिद्धार्थले स्वनिर्वासन रोजेको सन्दर्भ मूल कथ्यका रूपमा प्रस्तुत गरिएको छ।

कथामा विनिर्माण चेतना भन्नाले पाठभित्र स्थापित मान्यता, केन्द्रित अर्थ, द्विचरविरोध, शक्तिसंरचना तथा प्रभुत्वशाली विचारहरुमाथि संशय राख्दै तिनको विखण्डन गर्ने चेतना बुझिन्छ । यो चेतना ज्याक डेरिडाद्वारा प्रतिपादित विनिर्माण सिद्धान्तमा आधारित रहेको छ । विवेच्य कथामा मानवेत्तर पात्र रोहिणीलाई केन्द्रीय आख्याताका रूपमा उभ्याएर गौतम बुद्धका बारेमा परम्परागत रूपमा स्थापित मान्यताको विनिर्माण गरिएको छ। यस कथामा केन्द्रलाई विस्थापित गरी सीमान्त आवाजलाई प्रमुखता दिनु अर्थको पुनर्निर्माण प्रक्रिया पनि हो। पाठमा रहेको यही केन्द्रभञ्जन र पुनर्निर्माण प्रक्रियाका मूल अभिलक्षण नै कथामा विनिर्माण चेतना बनेको देखिन्छ।

विवेच्य कथाका बारेमा यसअघि समग्र कथाकृतिमाथि पुस्तक समीक्षाका क्रममा *साहित्यपोस्ट* (२०७७), डा.कृष्णराज डि.सी (२०७९)को 'नारी चेतना मुखरित गर्ने कथा', नन्दलाल आचार्य (२०८१) को 'तिलोत्तमाको अन्तर्य', सुशीला घिमिरे (२०८१) को 'शशी थापा पण्डितको उठ तिलोत्तमा' शीर्षकका संक्षिप्त टिप्पणी लगायत विभिन्न व्यक्तिहरुबाट सामान्य उल्लेख गरिएको पाइन्छ तर 'रोहिणी म लेख्दै छु बुद्धको कथा' कथाका बारेमा छुट्टै समीक्षा वा समालोचनात्मक विशेष अध्ययन भएको पाइँदैन। यसै शोधरिक्ततालाई आधार बनाई यस अध्ययनका निम्ति विनिर्माणको केन्द्रभञ्जन र पुनःनिर्माणलाई सैद्धान्तिक आधार बनाइएको छ । 'रोहिणी म लेख्दै छु बुद्धको कथा' कथामा परम्परित आख्यानको केन्द्रमा स्थापित पात्र गौतम बुद्धका बारेमा परिधिमा रहेकी पात्र रोहिणीलाई कथाबाचकमा स्थापित गरेर दृष्टिकोणको भञ्जन गरिएको छ। रोहिणी नदीलाई मानवीकरण गरी बुद्धको कथालेखक र सर्वदर्शी पात्रका रूपमा उभ्याइनुले परम्परागत लेखकीय केन्द्र भत्किनुका साथै कथावस्तुमा लुप्त रहेको अर्थका वैकल्पिक पक्षलाई खोजी गरिएको छ। विनिर्माण मान्यताका सूचकहरू केन्द्रभञ्जन र अर्थको पुनःनिर्माणबाहेक अन्य कुनै पनि कोणबाट कथाको व्याख्या–विश्लेषण नगर्नु यस अध्ययनको सीमा रहेको छ।

**समस्याकथन र उद्देश्य**

प्रस्तुत लेखमा 'रोहिणी म लेख्दै छु बुद्धको कथा'मा विनिर्माण प्रवृत्ति रहेको छ भन्ने मूल जिज्ञासाको विश्लेषणका लागि निम्न शोध्यप्रश्नहरू रहेका छन् :

(क) प्रस्तुत कथाको संरचनात्मक विनिर्माण केकस्तो छ ?

(ख) यस कथामा विनिर्माण चेतना कसरी प्रस्तुत भएको छ ?

उपर्युक्त शोध्यसमस्यामा केन्द्रित रहेर पाठविश्लेषण विधिद्वारा तिनको प्राज्ञिक समाधान गर्नु र 'रोहिणी म लेख्दै छु बुद्धको कथा' कथा विनिर्मित भएको छ भनेर देखाउनु यस अध्ययनको मूल उद्देश्य रहेको छ।

## अध्ययनविधि

प्रस्तुत लेखका निम्ति शशी थापा पण्डितको 'रोहिणी म लेख्दै छु बुद्धको कथा' कथालाई प्राथमिक अध्ययन सामग्रीको रूपमा लिइएको छ। यस कथाको विनिर्माणिक अध्ययनका निम्ति विनिर्माणका सैद्धान्तिक आधार रहेका समालोचना, लेख–रचना आदिजस्ता सामग्रीलाई द्वितीयक स्रोतबाट सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छ। पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरी गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत पाठविश्लेषण विधिद्वारा शोध्य प्रश्नहरूको प्राज्ञिक समाधान खोजिएको छ।

**सैद्धान्तिक पर्याधार**

फ्रान्सेली चिन्तक एवम् भाषाविद् ज्याक डेरिडा (सन् १९३०–२००४) द्वारा प्रवर्तित विनिर्माण उत्तरआधुनिक बहुलवादी सैद्धान्तिक मान्यता हो । विनिर्माण स्वयम्मा उत्तरआधुनिकताको एक सशक्त प्रतिमान रहेको छ भने यस मान्यताले कला र साहित्यका साथै अधिकतर विषयलाई प्रभावित तुल्याएको देखिन्छ। डेरिडाले सन् १९६६ मा जोन हप्किन्स विश्वविद्यालयमा आयोजित संरचनावादसम्बन्धी प्रवचन गोष्ठीमा ‘मानव विज्ञानको

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

विमर्शमा संरचना, चिह्न र खेल' शीर्षकको कार्यपत्रमा उत्तरसंरचनावादी र विनिर्माणवादी धारणा प्रस्तुत गरेको पाइन्छ (डेरिडा, सन् १९७६, पृ. १५८)। उनका विनिर्माणवादी मान्यताअनुसार हरेक पाठ आफैँमा विनिर्मित हुन्छ र यसले पाठमा विभिन्न रूपमा रहेका भाषिक संरचना र अर्थका केन्द्रलाई भत्काउँछ। केन्द्र वा अर्थ स्थिर हुँदैन, यो सँधै फरक र बिलम्वित हुन्छ। हरेक पाठमा विरोधाभास, मौनता र केन्द्रभन्दा पर विस्थापित आवाज लुकेका हुन्छन्। विनिर्माणको उद्देश्य स्थापित सत्यको खण्डन मात्र होइन, बहुलता र वैकल्पिक आवाजको उजागर गर्नु पनि हो। क्रिस्टोफर नोरिसका अनुसार डेरिडाको विनिर्माण सिध्दान्तले भाषाले आफ्नो केन्द्र आफैँ भत्काउने धारणा राख्दै संस्थागत, धार्मिक, राजनीतिक, ऐतिहासिक सत्य मानिएका विभिन्न रूपमा खडा भएका केन्द्रका अवधारणाले एउटाको उच्चतामा अर्को उपेक्षित रहने असमान–विभेदक अवस्था सिर्जना हुने ठानी ती केन्द्रलाई विनिर्मित गर्नु आवश्यक ठानेको छ (नोरिस, सन् २००२, पृ.७०)। विनिर्माणको सिध्दान्त परिवर्तित विश्व परिप्रेक्ष्यमा एकल केन्द्रको धारणालाई अस्वाभाविक मान्दै यसको सान्दर्भिकतामाथि प्रश्न खडा गर्दै केन्द्रभञ्जन केन्द्रको विस्थापन विकेन्द्रणतर्फ अग्रसर रहेको छ।

विनिर्माण भनेको पूर्ववर्ती कुनै संरचनाको विनास नभएर त्यसको पुर्नसंरचना प्रक्रिया हो। यसले हिजोका स्थापित आदर्शलाई स्थिर सत्य मान्दैन। विनिर्माणका व्याख्याता जोनाथन कलरका अनुसार– विनिर्माणको सिध्दान्तले पूर्ववर्ती साहित्य सिध्दान्तले स्थापना गरेका केन्द्रीकृत विचार, विधागत संरचना, परम्परित मूल्यमान्यता र विधागत स्वायत्ततालाई खण्डित गर्दै यस पूर्वका कार्यकारण सिध्दान्तमा आधारित साहित्यको खोज–अनुसन्धान, समालोचना र विश्लेषण गर्ने प्रक्रियालाई उल्ट्याई परम्पराभिन्न तरिकाले पाठमा रहेका रिक्तता र लुप्त अर्थका आधारमा कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने पद्धतिको स्थापना गरेको छ (कलर, सन् १९८६, पृ.८५–८७)। विनिर्माण साहित्य समालोचनाको बहुलताको मान्यता भएकाले यसभित्र साहित्यलाई हेर्ने अनेक नवीन दृष्टिकोण समेटिएका छन्। यसले संरचना वा निर्मितिको भञ्जन गर्नुका साथै नवीन रूपमा पुनर्संरचना पनि गर्दछ। परम्परादेखि प्रचलनमा रहेका र स्वीकार गरिएका मान्यता, धारणा, विश्वास र सत्यसमेतको भञ्जन गरी तिनका स्थानमा नवकेन्द्रको स्थापना गरी पूर्ववर्ती केन्द्रलाई समाप्त गर्ने विनिर्माणको अवधारणाले साहित्य, यसको संरचना, यसका विषयमा स्थापित रहेको सत्य र विश्वदृष्टिकोणलाई विरोध गर्दै अपकेन्द्रमा रहेका विषयलाई स्थापित गर्ने दिशामा अग्रसर रहेको छ (सुवेदी,२०७६, पृ. ३२३)। साहित्यका विविध विधामा केन्द्रभञ्जन, द्विचरविरोधको अस्वीकार, अर्थगत अस्थिरता, पुनर्सिर्जन वा पुनर्लेखन आदिजस्ता विविध प्रक्रियाबाट विनिर्माण गरिएको हुन्छ। डेरिडाको विनिर्माण मान्यताका अनुसार 'अर्थ कहिल्यै स्थिर हुँदैन; त्यो परतिर अर्को अर्थमा सर्दै जान्छ' भन्ने विनिर्माणको सैद्धान्तिक आधार भिन्नता(डिफरान्स) हो। विनिर्माण परम्परादेखि व्याख्या भइरहेका प्रचलित स्थितिको निरन्तरता नभई तिनको अपव्याख्या, पुनर्पठन वा विपठन हुनु तथा अर्कै रूपले व्याख्या गरिने भिन्नता प्रक्रिया देखिन्छ। पहिलेका सिध्दान्तले व्याख्या गर्न नसकेका पक्षहरूलाई विनिर्माणिक मान्यताका कसीबाट व्याख्या गर्न सकिने भएकाले यस विशेषताले कृतिभित्र व्याख्या हुन नसकेको पक्षलाई उद्घाटन गरी विनिर्मित आधार तयार गरिदिन्छ।

विनिर्माण परम्पराले स्थापना गरेका स्थिर सत्य र सत्यका विषयमा स्थापित मान्यताका विपरीत नयाँ कोणबाट जीवन र वस्तुजगत्लाई नियाल्नु पर्दछ भन्ने नवीन मान्यता हो। साहित्यिक दृष्टिमा विनिर्माणको प्रयोजन इतिहास, मिथक र भाषाको पुनर्पाठ गर्नु पनि रहेको देखिन्छ। विनिर्माणले इतिहास र मिथकलाई अन्तिम सत्यका रूपमा होइन, अस्थिर र पुनर्लेखनयोग्य पाठका रूपमा लिएर पुनर्पाठमार्फत पाठका परम्परागत संरचनामा लुकेका केन्द्र/संरचना, विरोधाभास र बहुविध अर्थ उजागर गर्दै अर्थलाई उल्ट्याउने काम पनि गरेको हुन्छ (इगल्टन, सन् २०००, पृ. १३१–१३४)। यसले आधिकारिक आख्यानमाथि प्रश्न उठाउने र वैकल्पिक स्मृतिको निर्माण गर्ने प्रयोजन पूरा गर्दछ। यही सिर्जनात्मक उद्देश्यमा विनिर्माणमा परम्परित रूपमा स्थापित आख्यान पाठको पुर्नपठन गर्दै पुनर्व्याख्याद्वारा परम्परित अर्थको विघटन गरिएको हुन्छ। यसरी विनिर्माण परम्परित स्थिर सत्य वा केन्द्र मानिएका

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

अर्थकेन्द्रलाई भत्काएर त्यसलाई भिन्न दृष्टिकोणबाट पुनर्व्याख्या गर्दै अर्थ पुनःनिर्माण गर्ने प्रक्रियाका रूपमा स्थापित भएको पाइन्छ ।

## नतिजा र विमर्श

नेपाली साहित्यको उत्तरवर्ती चरणका कथामा पाइने विनिर्माणिक प्रवृत्तिको प्रयोगले कथालाई परम्परा भिन्न बनाएको पाइन्छ । विनिर्माणका विविध प्रवृत्तिको प्रयोगले कथालेखनका परम्परित मान्यतामा परिवर्तन देखिनुका साथै तिनका संरचना र अर्थमा पनि फरक आएका छन् । प्रस्तुत 'रोहिणी म लेख्दै छु बुद्धको कथा' मा मिथकीय आख्यानको पुनर्व्याख्याद्वारा केन्द्रको विघटन र पाठात्मक पुनःनिर्माण गरिएको छ । बुद्धको आख्यान, गौतम बुद्धको जीवनी आदिका पुनर्पठन गर्दै कथाको शीर्षक, कथावस्तुको केन्द्रभञ्जन, पात्रगत विनिर्माणका साथै र भावमा/अर्थगत विनिर्माण केकसरी भएको छ भन्ने विश्लेषण गरिएको छ ।

### शीर्षकमा विनिर्माण

'रोहिणी म लेख्दै छु बुद्धको कथा' कथाको शीर्षकमा विनिर्माण चेतना रहेको देखिन्छ । यस कथाको शीर्षकमै विनिर्माण रहेको छ भन्ने कुरा परम्परागत रूपमा स्थापित बुद्धको कथालाई कुनै निश्चित, पूर्ण र अन्तिम सत्यका रूपमा स्वीकार गरेको छैन । 'म लेख्दै छु' भन्ने अभिव्यक्तिले 'बुद्धको कथा' पुनः लेखिने, पुनः व्याख्या गरिने र नयाँ दृष्टिबाट पुनर्पाठ गरिने सम्भावनायुक्त पाठ रहेको देखिन्छ । त्यसैले यस पुनर्व्याख्याले परम्परित आख्यानको अन्तिम सत्यका एकल केन्द्र र एकाधिकारलाई चुनौती दिएको छ । नेपाली भाषामा बुद्धसम्बन्धी विभिन्न आख्यानहरू प्रचलित छन् तर 'रोहिणी म लेख्दै छु बुद्धको कथा' कथामा लेखकका रूपमा ‘म रोहिणी’ भनेर लेखकीय दाबी प्रस्तुत गरिएबाट रोहिणी यस कथाको वास्तविक लेखक हुन् कि ? कथाकी पात्र हुन् काल्पनिक भन्ने बारेमा द्विविधा सिर्जना भएको छ । सामान्य पाठकका लागि शीर्षकले नै रोहिणी को हुन् ? उनले फेरि बुद्धको कथा केकसरी लेख्दैछिन् त ? भन्ने कुतूहलता, जिज्ञासा उत्पन्न गर्नुका साथै किन लेखिएको हो त ? भन्ने प्रश्न पनि उब्जाएको छ । परम्परागत रूपमा बुद्धका आख्यान उनका निककटवर्ती अनुयायीका दृष्टिबाट र पुरुष केन्द्रित दृष्टिकोणबाट लेखिने प्रचलन थियो । त्यसैले बुद्धको कथा जनमानसमा स्थापित एउटा महत् आख्यानको नाम हो तापनि यस कथामा फेरि बुद्धका बारेमा एउटी पात्र रोहिणीले ‘म कथा लेख्दै छु’ भनेर उद्घोष गर्नु नै स्थापित कथाकेन्द्रमाथिको चुनौती हो । यसले केन्द्रको भञ्जन गर्दै बुद्धका बारेमा नारीका दृष्टिबाट भिन्न किसिमले पुनर्लेखन गरिएको छ भन्ने पनि देखाउँछ । यसैले गर्दा ‘रोहिणी म लेख्दै छु बुद्धको कथा’’ कथालाई विनिर्माण चेतनाका कोणबाट विश्लेषण गर्न सकिने देखिएको छ ।

परम्परागत रूपमा बुद्धको कथा भन्नासाथ धार्मिक, आध्यात्मिक र पवित्र आख्यानको अपेक्षा हुन्छ । तर यस कथाको शीर्षकमा ‘‘रोहिणी म लेख्दै छु’’ भन्ने आत्मकथनात्मक स्वरले फेरि बुद्धको कथा अरू कसैले लेख्न लागेको जनाउँछ, जसले बुद्धलाई धार्मिक ग्रन्थको आधारमा होइन, कथावाचकले आफ्नै अनुभव र दृष्टिकोणबाट पुनर्लेखन गरिन लागेको देखाउँछ । बुद्ध केन्द्रित आख्यानलाई स्त्रीकेन्द्रित चेतनाका आधारमा प्रस्तुत गर्नु विनिर्माणको सङ्केत हो । यहाँ कथाको शीर्षकले यो कथा अब बुद्धको होइन, बुद्धबारे लेखिएको रोहिणीको भिन्न दृष्टिको पुनर्लेखन हो भन्ने अर्थ प्रस्तुत गरेको छ । त्यसैले यहाँ ‘‘रोहिणी म लेख्दै छु’’ भन्नाले आख्यानको त्यो पुरानो स्थापित अर्थ सर्दै गएर बुद्धको पवित्र आख्यानका सट्टामा रोहिणीका वैयक्तिक र मानवीय भावनाका अभिव्यक्तिले अर्थको पुनस्र्थगन भएको देखिन्छ । यसरी शीर्षकद्वारा नै स्थापित रहेको परम्परागत पौराणिक–धार्मिक आख्यानको केन्द्रलाई भत्काएर पुनर्लेखनद्वारा नयाँ अर्थ सिर्जना गरिँदैछ भन्ने सङ्केत दिइएको छ । यसमा पाठको प्रचलित अर्थलाई स्थिर रहन नदिएर भिन्नता र स्थगन सिर्जना गरिएको छ भने नारी चेतनालाई अर्थनिर्माणको केन्द्रमा ल्याइएको छ । अतः विनिर्माणको क्रियात्मक रूप पुनर्व्याख्याको प्रयोगले कथाको शीर्षकबाट आख्यानात्मक केन्द्र तथा अर्थ/ सारवस्तुमा रहेको परम्परित मान्यताको भञ्जन र नवीन अर्थको खोजीलाई प्राथमिकता दिइएको छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

**कथावस्तुमा विनिर्माण**

प्रस्तुत 'रोहिणी म लेख्दै छु बुद्धको कथा' मा गौतम कथानकले बुद्धसम्बन्धी परम्परागत आख्यानको पुनर्पाठ गर्दै नयाँ अर्थ निर्माण गरेको छ । कथाको मूल आधार मानिने कथावस्तु वा कथानक भनेको कार्यकारणलाई महत्त्व दिने घटनाहरूको योजनाबद्ध समाख्यान हो । योजनाबद्ध हुनाले यसमा घटनाशृङ्खलाको उत्सुकताका साथ बौद्धिकता र स्मृतिको बुनोट पनि आवश्यक हुन्छ (फोर्स्टर, सन् २००२, पृ. ६१) । कथाको संरचना निर्माण गर्ने कथानकका विभिन्न स्रोतहरू हुन्छन् । कथानकमा इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना जस्ता जुनसुकै स्रोतको विषय लिएको भए पनि कथाका पात्रहरूको चरित्र र चेतनामा चाहिँ समकालीन यथार्थकै प्रतिविम्बन भएको हुन्छ । त्यसैले इतिहास र मिथकको पुनर्सिर्जनबाट जीवन र जगत्को यथार्थ स्पष्टताका साथ प्रकट भई समाजको प्रत्यक्ष र गम्भीर पक्षको अभिव्यक्ति पनि हुन सक्छ (शर्मा, २०८०, पृ. २७) । यस कथामा गौतम बुद्धको महिमामण्डित जीवनका विविध आयामलाई केन्द्रमा नराखी परिधीय बनाइएको छ । प्रस्तुत कथामा बुद्धका वैयक्तिक सामाजिक जीवन, पारिवारिक अवस्था र सिध्दार्थले राज्य छोडेर हिँड्नु परेका घटनाका बारेमा क्रमबद्ध नराखी रोहिणीका दृष्टिबाट विविध टुक्रे स्मृति र धारणा प्रस्तुत गरिएको छ । परम्परागत रूपमा बुद्धको कथा धर्म, करुणा, मोक्ष, परम् सत्य, अहिंसा, शान्ति र मानवकल्याणको वरिपरि केन्द्रित रहेको छ । यस कथाका केन्द्रमा भने बुद्धत्व प्राप्तिभन्दा अगाडि राजकुमार रहेका बखत राज्यमा उत्पन्न विभिन्न विषम परिस्थितिले गर्दा सजायस्वरूप उनले परिवार छोडेर निर्वासन जान बाध्य हुनु परेको कथ्य प्रस्तुत गरिएको छ । शाक्य र कोलीय राज्यबिच सीमासम्बन्धी द्वन्द्व चलिरहेको अवस्थामा यी दुईको बिचमा बग्ने रोहिणी नदीको पानीको बाँडफाँडसम्बन्धी विषयलाई लिएर विवाद उत्पन्न भएको छ । त्यसको समाधान निकाल्न नसकी युद्ध हुने अवस्थामा सिध्दार्थले युद्धको विरोध गरेका छन् र त्यसका सट्टामा बरु आफू निर्वासित हुन मञ्जुर गरेको भनेर कथावस्तुको पुनर्व्याख्या गरिएको छ । यसैलाई बुद्धले दरवारबाट बाहिरिनु पर्ने परिघटनाका रूपमा पुनर्लेखन गरिएको छ :

> उनले बाबुआमालाई सम्झाउँदै भने–'म आफ्ना तर्कले युद्धको विरुद्ध शाक्यहरूको मन जित्छु भन्ने लागेको थियो । तर शाक्यहरूको मन सैनिक अधिकारीहरूको कुराले युद्धमा होमिइसकेको थियो । त्यसैले परिस्थिति खराब नहोस् भनेर आफैँलाई मात्र सजाय मागेँ । यस बेला पनि मैले सत्य न्यायलाई भने छोडिनँ ।'(पण्डित, २०७७, पृ.१५५)

उपर्युक्त साक्ष्यमा सिध्दार्थ गौतमले आफैँ किन राज्य छोडेर जाँदैछु भन्ने बारेमा स्पष्टीकरण दिएको तथ्य रहेको छ । कोलीय राज्यसँग युद्ध नगरे कि त  का पिता (शाक्यराजा)को सम्पूर्ण सम्पत्ति जफत हुने कि सिध्दार्थले निर्वासन जानु पर्ने सेनापतिको सर्तअनुसार दोस्रो विकल्प रोजेर उनले आफैलाई सजाय दिएको कथासन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ बुद्धका पीडा मात्र होइन, रोहिणीको दृष्टिबाट नारीका पीडा, समाजको पीडा, मानवीयताको प्रश्न पनि उठाइएको छ । यसरी 'धर्म अर्थात् केन्द्र' भन्ने संरचना भत्काएर बहुकेन्द्रित अर्थ सिर्जना भएको छ । रोहिणीको बुद्धप्रतिको एकतर्फी आशक्ति र आत्मीयताको भावलाई समेत आख्यानीकरण गरिएको यस कथामा रोहिणीको दृष्टिकोणबाट कथानक प्रस्तुत भएको छ :

> जब उनले विवाह गरे, किन हो मलाई कम्ती डाहा भएको थिएन यशोधरासँग त्यसबेला । जो उनकी श्रीमती भएर त्यस दरबारमा भित्रिएकी थिइन्, सिध्दार्थकी रानी र प्रिया जो बनेकी थिइन् । म उनको कोही त थिइनँ र पनि किन हो यशोधरासँग सौतेनी डाहा लागेको थियो । अनि सिध्दार्थसँग रिस पनि उठेको थियो । (पृ. १५०–१५१)

उपर्युक्त साक्ष्यमा रोहिणीले एकातर्फी मन पराएको भए पनि सिध्दार्थको विवाह यशोधरासँग भएकाले उनलाई जलन भएको छ । यशोधरासँग डाहा गर्ने रोहिणी सिदार्थसँग रिसाएकी मात्र छैनन् बदलाको आगोले सल्केर आफैँले पानीको विवाद बढाई शाक्य र कोलीय राज्यबिच झगडाको बिउ रोपिदिएकी र त्यसैकारण युद्ध हुने अवस्था

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

आइपर्दा सिध्दार्थले युद्ध अस्वीकार गरी त्यसका सट्टामा आफैँ निर्वासित हुने सजाय रोजेको र पछि बुद्ध बनेर विश्वविख्यात बन्न पुग्नुलाई रोहिणीले आफ्नो योगदानका रूपमा प्रस्तुत गर्दै बुद्धको जीवनका फरक पाटो कथामा देखाइएको छ । यस कथामा सिध्दार्थ गौतमका जीवनका विविध आयामलाई कथानकको रूपमा फरक ढङ्गले प्रस्तुत गरिएको छ साथै रोहिणीका मनोभावना पनि सँगसँगै कथामा मिसिएर आएका छन् । परम्परित आख्यानको केन्द्रमा राजा, शक्ति, युद्ध आदिलाई मानिएको हुन्छ । तर यस कथामा शक्तिको उन्माद र युद्धलाई अस्वीकार गरिएको छ । छिमेकी राज्यबिच ससाना विषयलाई लिएर हुने मनमुटाव र कहिल्यै नसुल्झिने द्वन्द्वले समाजलाई हानी नोक्सानी मात्र पुऱ्याएको छैन, त्यसले दीर्घकालीन सकारात्मक प्रभावका रूपमा सिध्दार्थलाई गौतम बुद्ध बन्न महत्त्वपूर्ण भूमिका खेलेको लुप्त पाटो कथाको अन्तर्वस्तु बनेको छ । सिध्दार्थले बुद्ध बन्नु अघि नै शान्ति र संवादको बाटोलाई केन्द्रमा राखिएको प्रसङ्गलाई महत्त्व दिइएको छ :

> उनलाई वर्णाश्रम व्यवस्थाभित्र बाँध्न चाहेर सेनापतिले भनेका थिए, 'क्षेत्रीयले युद्ध गर्नुपर्छ ।' 'धर्मको सार भनेको शत्रुताको उपचार शत्रुता हुन सक्दैन । प्रेमले मात्र शत्रुताको भावनालाई जित्न सकिन्छ ।' बुद्धले यसो भनेर युद्ध टाल्न खोजेका थिए । यस कुरालाई अहङ्कारको दम्भका मदले फुङ्कार गर्दै भृकुटी खुम्च्याउँदै सेनापतिले भने– 'शाक्यहरूको युद्ध गर्ने कि नगर्ने कुरामा चुनाव गराउनु पर्छ ।' (पृ.१५३)

माथिको कथांशमा रोहिणी नदीको पानीको विषयलाई लिएर दुई राज्यबिच विवाद बढेर युद्धतर्फ अग्रसर हुन थालेको सन्दर्भको चित्रण छ । यस्तो बेलामा युद्ध गरेर शत्रुता बढाउनु हुँदैन भन्ने सिध्दार्थ र युद्ध गर्नुपर्छ भन्ने सेनापतिबिचको संवाद यहाँ प्रस्तुत गरिएको छ । यसरी शाक्य गणराज्य र कोलीय राज्यका बिचमा ठूलो झगडा परेको तथा त्यसमा युद्ध हुने परिस्थिति निर्माणले जनतामा निराशा र आक्रोश दुवै रहेको छ । यस्तो बेलामा प्रेम, मित्रता र शान्तिका पक्षधर सिध्दार्थलाई उक्साउने काम सेनापतिले गरे पनि त्यसलाई अस्वीकार गरेका छन् । छिमेकी राज्यबिचको शत्रुतालाई अन्त्य गर्नका लागि उनी बरू आफैँ निर्वासनमा जाने सर्त स्विकारेर घर छोडी हिँडेका हुन् भन्ने प्रसङ्गबाट कथानकलाई पूर्व कथाभन्दा भिन्न रूपमा अघि बढाइएको छ ।

सिध्दार्थ गौतमले जीवनका सत्यको खोजमा गृहस्थ छाडेर हिँडेको भनी मूल आख्यानमा उपस्थापित गरिएको सन्दर्भलाई यस कथामा विनिर्माण गरिएको छ । उनले ज्ञान प्राप्तिका लागि घर छोड्नुको मूल कारणलाई भिन्न कोणबाट प्रस्तुत गरिएको छ । परम्परागत आख्यानले बुद्धलाई भगवान्को अवतारको रूपमा परम्पूज्य देवता र शान्तिका अग्रदूतका रूपमा स्थापित गरेको छ । तर यस कथामा बुद्ध हुनुअघिका सिध्दार्थलाई सामान्य मानवीय चरित्रका रूपमा चित्रण गर्दै "युद्ध गरेर अरूलाई मार्नुभन्दा युद्धको लागि आफ्नो बलि दिन पनि तयार भइरहे (पृ.१५१)"। यस कथनबाट उनले किन गृहत्याग गरे ? भन्ने बारेमा पुनर्लेखन गरिएको छ । त्यस्तै रोगी, दुःखी, बृद्ध, मृत व्यक्तिलाई देखेर वैराग्य भई शान्तिको खोजीमा गृहत्याग गरी ज्ञान प्राप्त गरेको भन्ने परम्परित कथन केन्द्रलाई उल्ट्याउँदै युद्धको सम्भावना टार्न स्वनिर्वासन रोजेको तर्कले परम्परित मान्यताको खण्डन गरिएको छ । "मनिसहरूले भन्थे, सिध्दार्थले जवान उमेरसम्म रोगी, बूढो र मृत व्यक्ति देखेका थिएनन् रे । तर मलाई विश्वास लाग्दैन, उनले आफ्नो उनन्तीस वर्षे जीवनमा त्यस्ता व्यक्ति कहिले नदेखेका होस्" (पृ. १५०) । यस कथनले बुद्धको वैराग्यसम्बन्धी मिथक बनेको धारणाको खण्डन गर्दै यसलाई सान्दर्भिक रूपमा पुनर्व्याख्या गरिनुपर्ने देखाएको छ ।

विनिर्माणको मान्यताअनुसार बुद्धको कथा एउटा महाख्यान (Grand narrative) हो । यसलाई पुनर्व्याख्या गरी भिन्न किसिमले प्रस्तुत गर्नु विनिर्माणिक प्रवृत्ति हो । परम्परागत कथामा स्पष्ट आरम्भ–संघर्ष–अन्त्य हुन्छ, तर यस कथामा बुद्धको जीवनलाई सीधा आख्यानका रूपमा होइन, अर्को पात्रका माध्यमबाट समकालीन दृष्टिमा पुनर्पठन गरिएको छ । यसमा उल्लिखित बुद्धको कथा कुनै धार्मिक सत्यका रूपमा होइन, बरु सामाजिक, ऐतिहासिक र वैयक्तिक प्रश्नसहितको बहुवैकल्पिक पाठका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा परम्परित केन्द्रमा रहेका पात्र बुद्ध र सीमान्त पात्र रोहिणीका बिचको सम्बन्धको पुनर्संरचना पनि गरिएको छ । महाभिनिष्क्रमणको कारणलाई

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

पुनर्व्याख्या गर्दैसिद्धार्थको दरबार त्यागलाई केवल आध्यात्मिक ज्ञानको खोजीका रूपमा नभई तत्कालीन राजनीतिक सामाजिक परिस्थितिको परिणामका रूपमा प्रस्तुत गरिएको छ । यसरी 'बुद्ध र धर्मलाई केन्द्र' भन्ने संरचना भत्काएर बहुकेन्द्रित अर्थ सिर्जना गर्नु आदिले कथानकको केन्द्रभञ्जनद्वारा विनिर्माण भएको छ ।

**पात्रगत विनिर्माण**

कथाको कथानकलाई अघि बढाउन पात्र वा चरित्रको महत्त्वपूर्ण भूमिका हुन्छ । 'रोहिणी म लेख्दै छु बुद्धको कथा' मा पात्रगत विनिर्माणको अवस्था रहेको छ । यस कथामा रोहिणीलाई केन्द्रमा राखेर कथालेखकका रूपमा उभ्याइएको छ र सिध्दार्थ गौतम बुद्धको बारेमा रोहिणीका माध्यमबाट कथा प्रस्तुत गरिएको छ । तर यहाँ मानवेत्तर पात्र रोहिणी (नदी) का कोणबाट सिध्दार्थका बाल्यकाल, यौवन र गृहत्यागको घटनालाई संयोजन गरिएको छ । कथाका केन्द्रमा बुद्धलाई राखिए पनि उनलाई रोहिणीका कोणबाट प्रस्तुत गरिएको छ । किन उनलाई कथाको केन्द्रीय पात्र बनाइयो त ? भन्ने सन्दर्भमा उनकै परिचयबाट हेरौँ : 'रोहिणी हुँ म । के, थाहा छ तपाईँलाई ? मैले नै सिध्दार्थलाई बुद्ध बनाएको हुँ। म बग्ने नदीछेउमा उनको बाल्यकाल बितेको थियो दरबारको सुखसयल भोग्दै । ...' (पृ.१४७)। यसरी कथामा आख्याताका रूपमा आफ्नो परिचय दिँदै सिध्दार्थलाई बुद्ध बनाउने म नै हुँ भन्ने दाबी गर्ने पात्रका रूपमा रोहिणीको उपस्थिति रहेको देखिन्छ । रोहिणीका रूपमा तत्कालीन कोलीय राज्य र शाक्य राज्यका बिचमा बग्ने एक नदीलाई कथामा नारी पात्रका रूपमा मानवीकरण गरिएको छ । उसैलाई द्रष्टा पात्र वा कथावाचक बनाएर सिध्दार्थ गौतम बन्नुका समग्र कारणका बारेमा प्रस्तुत गरिएको छ । सिध्दार्थको बाललीलादेखि यौवनसम्मको प्रत्यक्षदर्शी रोहिणी किन बुद्धप्रति यति आशक्त थिइन् ? भन्ने पनि यस कथांशबाट प्रस्ट हुन्छ :

> आमाको नजरले बालक सिध्दार्थलाई हेर्दाहेर्दै उनी कतिखेर तरुनो भइसकेछन्, पत्तै भएन । भन्नै पनि लाज लाग्छ । म कहिले बूढी नहुने वरदान पाएकाले होला शायद, म उनको बलिष्ठ शारीरिक स्वरूपको आकर्षणमा चिप्लिन पो पुगेछु । आज त्यो राग कल्पनामा वशीभूत भएर झाँगियो । र'त छब्बीस सय वर्षपछि म सिध्दार्थको कथा लेख्दै छु । या भनौँ, मेरो प्रेमको कथा जो स्पर्शमै दिएको कथा या भनौँ सिध्दार्थलाई बुद्ध बनाउने मेरो योगदानको कथा । (पृ. १४८ र १४९)

उपर्युक्त कथांशमा रोहिणीको एकतर्फी रूपमा बुद्धप्रति मोहित भएको प्रेमभाव प्रस्तुत छ । रोहिणी एउटा नदी भए पनि उनलाई मानवीकरण गरी उनमा नारीका मानवीय भावनाहरू आरोपण गरिएको छ । सिध्दार्थप्रति आशक्त बनेकी रोहिणीले बुद्धले यशोधरासँग बिहे गरेपछि ईर्ष्याको कारण शाक्य राज्य र कोलीय राज्यबिच पानीको झगडा उत्पन्न गराउनु नै सिध्दार्थको गृहत्यागको कारक भएको र यसपछि नै सिध्दार्थ बुद्ध बनेर विश्वभर चिनिएका हुन् भन्ने आशय उल्लेख गरिएको छ । उनले पूर्वस्मृतिमा पुगेर सिध्दार्थलाई बुद्ध बनाउन आफ्नो योगदान रहेको कथा लेखेको सन्दर्भले विगतको स्मृतिको समकालीन सन्दर्भमा पुनः आख्यानीकरण गरिएको देखिन्छ । आजभन्दा छब्बीस सय वर्षअघिको विषयलाई लिएर वर्तमानमा रोहिणीका आत्मकथनका रूपमा देखिएको यस कथालाई विगतको पुनःस्मरणका रूपमा देखाइएको छ ।

**परिवेशगत विनिर्माण**

कथाको परिवेश भन्नाले कथामा प्रस्तुत समय, स्थान र क्रमको संयोजनबाट निर्मित अवस्था हो । कथामा घटनाक्रमलाई चित्रित गर्ने विभिन्न कालखण्डको समय प्रस्तुत भएको हुन्छ । कथाभित्रका घटना, पात्र र क्रियाकलापले अङ्कित गर्ने विगत, वर्तमान र भविष्यत्का समयसन्दर्भ कथामा रहेका हुन्छन् । 'रोहिणी म लेख्दै छु बुद्धको कथा' मा छब्बीस सय वर्षअघिको स्मृतिलाई पुनर्सिर्जन गर्दै यसमा अतीत (बुद्धकालीन) परिवेशसँगै समकालीन समाजसँग समानान्तर देखाइएको छ। "आज त्यो राग कल्पनामा वशीभूत भएकार झाँगियो । र'त छब्बीस सय वर्षपछि म सिध्दार्थको कथा लेख्दै छु । या भनौँ, मेरो प्रेमको कथा जो स्पर्शमै दिएको कथा या भनौँ सिध्दार्थलाई बुद्ध बनाउने मेरो योगदानको कथा (पृ. १४९) ।" समयगत सन्दर्भका आधारमा कथामा अतीत र वर्तमानको संमिश्रण

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

भएको पाइन्छ। रोहिणी नदीको अस्तित्व बुद्धकालीन समयदेखि हालसम्म पनि निरन्तरता छ। कथामा रोहिणीको बुद्धप्रतिको प्रेमको रहस्योद्घाटन गर्दै छब्बीस सय वर्षअघिको विषयलाई अहिले पुनर्लेखन गर्नुले नयाँ ढङ्गले परिवेशको पुनर्निर्माण गरिएको छ। यसरी कथामा समय र स्थानको स्पष्ट सीमाना नदेखिने, इतिहास–वर्तमान–भविष्य एक ठाउँमा मिसिएको संरचना विनिर्माण विशेषता हो। बुद्धकालीन अतीतको घटना स्मृतिलाई वर्तमान समयको चेतनाबाट पुनर्लेखन गरिएको हुनाले दुई कालखण्डबिच संवाद स्थापित भएकाले यसमा परिवेशगत विनिर्माण चेतना देखिएको छ।

**भावगत विनिर्माण**

बुद्धको कथा परम्परागत रूपमा 'मोक्ष, करूणा र शान्ति' को भाव बहन गर्ने कथा हो। तर यहाँ बुद्धको चरित्रलाई पुनर्पाठ गर्दा सामाजिक विडम्बना, शोषण, अन्याय, मानवीय पीडा आदिका सन्दर्भ पनि जोडिएको छ। यस कथामा परम्परित आख्थानले निर्धारित गरेका निश्चित अर्थकेन्द्र माथि पनि प्रश्न गरिएको छ। मिथकका रूपमा स्थापित बनेका कतिपय सन्दर्भको पुनर्व्याख्या गर्दै त्यसमाथि संशय प्रकट गरिएको छ : "मानिसहरूले भन्थे, सिध्दार्थले जवान उमेरसम्म रोगी, बूढो र मृत व्यक्ति देखेका थिएनन् रे। तर मलाई विश्वास लाग्दैन, उनले आफ्नो उनन्तीस वर्षे जीवनमा त्यस्ता व्यक्ति कहिले नदेखेको होस्" (पृ.१५०)। प्रस्तुत साक्ष्यमा राजकुमार सिध्दार्थ गौतमका बारेमा जनमानसमा खडा गरिएका कथाले उनलाई अलौकिक व्यक्तित्वको दर्जा दिएकाले बुद्धसम्बन्धी स्थापित एकरेखीय ऐतिहासिक तथा धार्मिक केन्द्रित अर्थ खण्डन गरिएको छ।

> बुद्ध त्यस समयका सुझबुझ भएका विद्वान् कहलिएका पुरुष थिए। उनी टाठाबाठा पनि थिए। समाजमा भएका गलत परम्पराको विरोधी। समाजलाई पुरानो ढर्राबट नयाँ बाटोमा लैजानुपर्छ भन्ने मान्यताका प्रवर्तक जो थिए।... आफ्ना उपदेशलाई अन्तिम सत्य होइन, बरु अरू फेरि मेराभन्दा पनि राम्रा उपदेश जन्मिन सक्छन् भनेर अरूको उपस्थितिलाई पनि स्वीकार्ने व्यक्तिसमेत थिए उनी।(पृ.१५१)।

प्रस्तुत कथामा मिथकीय पात्र बुद्धलाई केवल धर्मगुरु/ उद्धारकर्ता होइन, स्वाभाविक मानवीय चरित्र, प्रश्न योग्य पात्र र संघर्ष गर्ने व्यक्तित्वका रूपमा देखाइएको छ। उनी अति मानवीय चरित्रभन्दा समाजका सामान्य तर उदार चेतनशील व्यक्तिका रूपमा यस कथाले चित्रण गर्नु अर्थको पुनर्व्याख्या गरिएको छ। कथामा बुद्धसँग सम्बन्धित अन्य पात्रहरू रोहिणी, यशोधरा लगायत समाजका मानिसहरू पनि सहायक मात्र नभई बहुआयामिक पात्रका रूपमा उपस्थित छन्। यसमा 'बुद्ध नै परम् सत्य' भन्ने स्थिर अवधारणा भत्काइएको छ।

> हुन पनि म सधैँको तरूनी, कहिले बूढी नहुने आशीर्वाद नै पाएजस्तो। बुद्धहरू त कति देखेँ कति ! तर पनि यी शाक्यमुनी बुद्धले मेरो मनको तरङ्गलाई हल्लाईदिएका थिए। मेरो शरीरका रोम–रोममा भरत राजासँग छुटिएदेखि मुर्झाएको यौवनको फूल फेरि प्रसून बनाइदिएका थिए। त्यसैले त म मेरो कहिले नसकिने जवानीलाई बेलाबेलामा पुनर्ताजगी गर्थेँ यी सिध्दार्थलाई देखेर।(पृ.१५१)।

प्रस्तुत साक्ष्यमा बुद्धप्रतिको धार्मिक श्रद्धाभावका सट्टामा प्रेम, आकर्षण र मानवीय चाहनाको आत्माभिव्यक्ति मूलभावका रूपमा आएको छ। बुद्धप्रतिको रोहिणीको प्रेमिल दृष्टिले आध्यात्मिक आख्यानभित्र दमित गरिएका मानवीय भावना उजागर भएको पाइन्छ। पौराणिक सन्दर्भका रूपमा 'भरतसँग छुट्टिए पछिको...' अवस्थाले रोहिणीको प्रेम वियोगको मौन विरह भाव प्रस्तुत गर्दै कथामा लुप्त अर्थ उजागर भएको छ। नदीका रूपमा बगिरहने रोहिणी कहिले बुढी नहुने सदाबहार यौवनमस्त युवतीको प्रतीक हुन् जो बुद्धप्रतिको आकर्षणले रतिरागात्मक भावमा डुबेकी छन्। त्यसैगरी बुद्धलाई 'धर्म र उद्धार' भन्ने परम्परागत अर्थ केन्द्रमाथि प्रश्न गर्दै उनलाई धर्म, इतिहास र समाजको दृष्टिकोणबाट हेर्दै सन्देहपूर्ण, बहुविध अर्थ उजागर गरिएको छ। परम्परागत रूपमा बुद्धको कथा धर्म, करुणा, मोक्ष, परम् सत्य वरिपरि केन्द्रित रहेका छन्। तर यस 'रोहिणी म लेख्दै छु बुद्धको कथा' कथाका

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

केन्द्रमा बुद्ध मात्र होइन, रोहिणीको दृष्टि, समाजको पीडा, नारीका दृष्टिकोण, यशोधराको मौनता, गौतमीको ममता, आधुनिक मानवीय प्रश्न पनि छन् ।

## निष्कर्ष

उपर्युक्त अध्ययनबाट 'रोहिणी म लेख्दै छु बुद्धको कथा' एक विनिर्मित प्रवृत्तिको कथा हो भन्ने निष्कर्ष प्राप्त भएको छ । यस कथाको शीर्षक स्वयंले परम्परागत बुद्ध कथाको स्थिर अर्थलाई प्रश्न गर्दै नयाँ दृष्टिकोणबाट पुनर्लेखनको सङ्केत गरेकाले यसमा विनिर्माण चेतना अन्तर्निहित रहेको पाउन सकिन्छ । कथाको शीर्षकबाटै परम्परित धार्मिक आख्यान वा सन्दर्भलाई विस्थापित गरी व्यक्तिगत कोणबाट पुनर्लेखन गरिनु विनिर्माणिक चेतनाको रूपमा देखिएको छ । यस कथामा प्रस्तुत कथानक परम्परागत धार्मिक कथा वा बुद्धको जीवनी होइन, सीमान्त पात्रलाई केन्द्रमा ल्याई रोहिणीका अनुभूतिका रूपमा प्रस्तुत स्थापित पाठको विखण्डित र बहुआयामिक दृष्टिकोण रहेको छ । त्यस्तै कथामा प्रयुक्त पात्र, परिवेश र भावमा अस्थिरता, मिश्रण र पुनर्पाठ गरी कथाका विचारमा परम्परागत सत्य/असत्य, धर्म/अधर्म आदिका द्विचरविरोधका द्वन्द्वलाई भत्काएर नयाँ प्रश्न र वैकल्पिक अर्थ खोजी गरिएको छ । यसरी प्रस्तुत कथामा बुद्धसम्बन्धी स्थापित आख्यान, केन्द्रित अर्थ र आधिकारिक सत्यलाई पुनर्व्याख्या गर्दै वैकल्पिक दृष्टिकोण प्रस्तुत गरिएकाले यसमा विनिर्माण चेतनाको सशक्त उपस्थित देखिएको छ । उपर्युक्त प्रवृत्तिका आधारमा यो 'रोहिणी म लेख्दै छु बुद्धको कथा' विनिर्माण चेतनाको कथा हो भन्ने पुष्टि हुन्छ ।

## सन्दर्भ सामग्रीसूची

पण्डित, शशी थापा (२०७७), 'रोहिणी म लेख्दै छु बुद्धको कथा' ,उठ *तिलोत्तमा*, युरेका पब्लिकेशन ।

बराल, कृष्णहरि (२०६७), 'मिथक र साहित्य', *रत्न वृहत समालोचना* (सैद्धान्तिक खण्ड), काठमाडौ : रत्न पुस्तक भण्डार, पृ. १७४–१८३ ।

भट्टराई, रमेशप्रसाद (२०६७), 'डेरिडा र विखण्डनवाद', *भृकुटी उत्तरआधुनिकता विशेषाङ्क*, पूर्णाङ्क १०, भृकुटी एकेडेमिक पब्लिकेसन प्रा. लि., पृ.३४२–३६४ ।

शर्मा, विन्दु (२०८०/ सन् २०२२), 'समकालीन नेपाली कथामा प्रयुक्त कथानकका स्रोत', इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन, ७, (२), २३ – ३५ ।

सुवेदी, अभि (२०७६), *पाश्चात्य काव्यसिध्दान्त* (दोस्रो.संस्क.), नेपाल प्रज्ञा–प्रतिष्ठान ।

Cullar, Jonathan D.(1989). *On Deconstruction* (2nd edn.). NewYork : Cornell University press.

Derrida, J. (1976). *Of Grammatology*. Gayatry Chakrobarty Spivak (Trans.). Merryland : The Johns Hopkins University Press.

Derrida, J. (1978). 'The Structure, sign & play in the Discourse of human science'. *Writing and Difference* . Allan Bass (Trans.). Chicago University Press.

Eagleton, Terry (2003). *Literary Theory : An Introduction (2nd edn.).* Minisota: Blackwell publication.

Forster, E.M. (2000). *Aspects of the Novels*. Oliver Stallybrass, London : Penguin Books.

Norris, C. (2002). *Deconstruction : Theory and Practice* (3rd edn.). London : Routledge Publication.

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*